पञ्चेश्वर गाउंपालिका

# गाउंकार्यपालिकाको कार्यालय

अम्चौरा, बैतडी

प्रदेश नं. ७, नेपाल

## संक्षिप्त सूचीमा परेका सहयोगी संस्थाहरुवाट प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान

(प्रस्ताव आव्हान गरिएको मिति : २०७५/०४/११)

मिति २०७५ असाढ ११ गतेमा प्रकाशित सूचना वमोजिम पर्न आएका आवेदनहरुको संक्षिप्त सूची मूल्यांकगर्दा संक्षिप्त सूचीमा पर्न सफल भएका तपसील बमोजिमका गैह्र सरकारी संस्थाहरुवाट ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत यस गाउंपालिकामा सञ्चालन हुने जलस्रोत विकास (सामुदायिक खानेपानी तथा सरसफाई, सिंचाई, उर्जा विकास), सामाजिक परिचालन तथा सहकारी विकास एवं जिवीकोपार्जन, उपभोक्ता समिति/उपभोक्ता, गाउंपालिकाको क्षमताविकास, पोषण समेतका कार्यहरुमा सहजीकरण गर्नको लागि मिति २०७५/०४/०८ को गाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णय बमोजिम यो प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको छ। संक्षिप्त सूचीमा पर्न सफलभएका गैह्र सरकारी संस्थाहरुले मिति २०७५/०४/३१ भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव अलग अलग पेश गर्न सूचित गरिन्छ।

संक्षिप्त सूचीमा पर्न सफलभएका संस्थाहरुः

१. ग्रामीण विकास सेवा केन्द्र, बैतडी

२. अनिरुद्ध ग्रामीण सुधार केन्द्र, बैतडी

३ सामाजिक विकास तथा सचेतना समाज (स्वदेश), बैतडी

प्रस्ताव तयारी तथा पेश गर्ने सम्बन्धी विस्तृत निर्देशन प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानपत्रमा दिइएको छ। प्राविधिक तथा आर्थिक प्रस्ताव फाराम रु 3000 गाउंकार्यपालिका कार्यालयको रा.वा. बैंकमा रहेको खाता नं. ४०५०३०४०१८११० मा जम्मा गरी सक्कल भौचर पेश गरेपछि पञ्चेश्वर गाउंकार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइनेछ। प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्यांकन ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको सहयोगी संस्था छनौट तथा परिचालन कार्यविधि बमोजिम गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत